म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २५९ बुधबार, २३ बैशाख २०८३ ने. सं. ११४६ बछलागा 6 May 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**हाँसौ, स्वस्थ रहौ ।**

- हाँस्नु स्वास्थ्यका लागि लाभदायक हुन्छ,
- हाँस्ने र खुशी हुने बानीको विकास गरौं,
- तनाव, चिन्ता र निराशालाई कम गर्न हाँसौं
- परिवार र साथीहरूसँग हाँसौं र रमाइलो समय बिताऔं,
- सकारात्मक सोच र उत्साहपूर्ण वातावरण सिर्जना गरौं,
- हाँस्ने योगमा सहभागी बनौं,
- अरूलाई खुशी बनाउने व्यवहार गरौं,
- सामाजिक सद्भाव र आपसी सम्बन्ध बलियो बनाऔं,
- मानसिक स्वास्थ्य सुधारमा हाँसोको भूमिका बुझौं,

*हाँसौं र हँसाऔं।*

नेपाल सरकार
विज्ञापन बोर्ड

### प्रशासन भन्छः उद्योग अपेक्षित रफ्तारमा सञ्चालन हुन नसक्दा समस्या भयो

# ११ महिनादेखि हेटौंडा सिमेन्टका कर्मचारी तलबविहिन

साझाकुरा संवाददाता

हेटौंडा, २२ बैशाख/ नेपाल सरकारको पूर्णस्वामित्वमा रहेको हेटौंडा सिमेन्ट उद्योगका मजदुर तथा कर्मचारी ११ महिनादेखि तलबविहीन बनेका छन् ।

लामो समयदेखि उद्योग प्रशासनले पारिश्रमिक भुक्तानी गर्न नसक्दा मजदुर तथा कर्मचारीको दैनिक जीवनयापन कष्टकर बन्दै गएको छ । मजदुरकाअनुसार १८ महिनादेखि सञ्चयकोष, १५ महिनादेखि नागरिक लगानीकोष र एक वर्षदेखि कर (ट्याक्स रिटर्न) वापत तलबबाट कट्टा गरिएको रकम समेत सम्बन्धित निकायमा जम्मा गरिएको छैन । त्यसैगरी, एक वर्षदेखि सट्टाबिदा उपलब्ध नगराइएको र तीन वर्षदेखि कर्मचारीको बीमा सुविधा नवीकरण नभएको गुनासो उनीहरुको छ ।



उद्योगमा स्वीकृत दरबन्दीको करिब ३० प्रतिशत जनशक्तिले मात्र काम गरिरहेका छन् । अतिरिक्त समयमा काम गरेबापत ३२ महिना सम्मको ज्यालासमेत नपाएको मजदुरले बताएका छन् । पारिश्रमिक नपाउँदा धेरै मजदुर ऋणमा डुबेका छन् भने उपचार गर्नसमेत नसक्ने अवस्था सिर्जना भएको उनीहरुको भनाइ छ । उद्योगका ६५ जनाभन्दा बढी अवकाश प्राप्त कर्मचारीले अझै उपदान पाएका छैनन् । २०७९ सालमै अवकाश प्राप्त अमर सुनारले सेवासुविधा नपाउँदा आफू र परिवार गम्भीर समस्यामा परेको बताए । उपचार अभावकै कारण परिवारका सदस्य गुमाउनुपरेको उनले बताए ।

अवकाशपछि पाउनुपर्ने रकम नपाएपछि हाल उनी दुई महिनादेखि उद्योगमै ज्यालादारीमा काम गरिरहेका छन् । उद्योगले त्यसबापतको रकमसमेत भुक्तानी गर्न सकेको छैन । मजदुरले आफ्ना माग राख्दै उद्योगका निमित्त महाप्रबन्धक शिवनारायण साहलाई मंगलबार ध्यानाकर्षणपत्र बुझाएका थिए । उद्योग अपेक्षित रफ्तारमा सञ्चालन हुन नसक्दा तलब भुक्तानीमा समस्या भएको निमित्त महाप्रबन्धक साहले बताएका छन् । उद्योगले विभिन्न सप्लायर्स, कर्मचारीलगायतलाई करिब एक अर्ब ३६ करोड रुपैयाँ भुक्तानी दिन बाँकी रहेको उनले बताए ।

हाल उद्योगमा ४ हजार ९ सय मेट्रिकटन क्लिन्कर मौज्दात रहेपनि कोइलाको अभावका कारण उत्पादन प्रभावित भएको उद्योगले जनाएको छ । कोइला खरिदकै करिब ३२ करोड रुपैयाँ भुक्तानी गर्न बाँकी छ । कोइला सकिएपछि उद्योग वैशाख ३ गतेदेखि पूर्णरुपमा बन्द भएको छ । यस आर्थिक वर्षमा हालसम्म १९ दिन मात्र उद्योग सञ्चालनमा आएको यो उद्योग आर्थिक वर्ष २०८१/८२ मा ४० दिन मात्र सञ्चालनमा आएको थियो । सात वर्षदेखि उद्योग घाटामा सञ्चालन हुँदै आएको छ । आर्थिक वर्ष २०७४/७५ मा उद्योगले १६ करोड ३६ लाख रुपैयाँ मुनाफा गर्न सफल भएको थियो ।

त्यसपछि लगातार घाटा बेहोर्दै आएको छ । चालु वर्ष मात्र होइन, चार वर्षयता मुस्किलले चार महिना पनि उद्योग नियमित सञ्चालन हुन सकेको छैन । २०४२ सालदेखि व्यावसायिक उत्पादन सुरु गरेको उद्योगले निजीक्षेत्रको उत्पादनसँग प्रतिस्पर्धा गर्न नसकेकाले आर्थिक संकटमा फसेको हो । उद्योगकाअनुसार विभिन्न सप्लायर्स कम्पनी, कर्मचारी लगायतलाई १ अर्ब २६ करोड भुक्तानी गर्नुपर्ने देखिएको छ । उद्योगले नेपाल सरकारलाई ४८ करोड ८७ लाख रुपैयाँ तिर्न बाँकी रहेको महाप्रबन्धक साहले बताए । पुराना उपकरणले गर्दा उत्पादनमा कमी आउने र लागत बढ्ने भएकाले उद्योगले निजी क्षेत्रबाट सञ्चालित सिमेन्ट उद्योगसँग प्रतिस्पर्धा गर्न नसकेको व्यवस्थापनको दाबी छ ।

उद्योगलाई आवश्यक पर्ने कच्चापदार्थको निरन्तर मूल्यवृद्धि, उत्पादन लागतभन्दा कम मूल्यमा सिमेन्ट बिक्री वितरण गर्नुपर्ने बाध्यता रहेको छ । जसले गर्दा आर्थिक संकट थेग्न नसकेको उद्योग व्यवस्थापनले जनाएको छ । उद्योगको दैनिक ७ सय ५० टन सिमेन्ट उत्पादन क्षमता रहेको छ । उद्योगले क्षमताअनुसार उत्पादन नगरेको पनि सात वर्ष भइसकेको छ । उद्योग सञ्चालनका लागि व्यवस्थापनले प्लान्ट अडिटिङमा तीनवटा चरण समावेश गरेको छ । पहिलोमा हाल भएका उपकरणलाई व्यवस्थित गरेर चलाउने, दोस्रोमा उद्योगमा हुने अनावश्यक खर्च कटौती र तेस्रोमा दीर्घकालीन योजना समेटेर मन्त्रालयमा पठाएको ६ वर्ष बितिसकेको छ ।

आर्थिक समस्या झेल्दै आएको सिमेन्ट उद्योग जीर्ण अवस्थामा छ । यसले रोपवे बिक्री गरिसकेको छ । हेटौंडाबाट भीमफेदीको भैंसेखानीसम्म करिब २१ किलोमिटर लामो रोपवे थियो । विगतमा चुनढुंगा ओसार्न प्रयोग भएको रोपवे लामो समयदेखि प्रयोगविहीन रहेको र पुन: प्रयोगमा ल्याउन सक्ने अवस्था नरहेकाले रोपवे करिब ४ करोड रुपैयाँमा लिलाम बिक्री गरिएको थियो । उद्योगका चारवटा चुनढुंगा खानी छन् । धादिङको जोगीमारा खानीबाट सबैभन्दा स्तरीय चुनढुंगा निस्कन्छ । यसका ५० प्रतिशत ढुंगा सिमेन्ट बनाउन योग्य हुन्छन् । तर, यो खानी लामो समयदेखि नवीकरण नहुँदा बन्द छ ।

मकवानपुरको ओखरे, मजुवा र भैंसे गरी तीनवटा खानी छन् । हाल ओखरे र मझुवा खानीबाट चुनढुंगा ल्याइएको छ । घाटापूर्तिका लागि उद्योग मातहतमा रहेको सरकारी जग्गा बिक्री गर्ने र नयाँ प्रविधि जडान गरी उत्पादन बढाउने उद्योग व्यवस्थापनको योजना छ । तर, उद्योग मन्त्रालयले जग्गा बिक्रीका लागि अनुमति दिएको छैन । हेटौंडा-९, लामसुरेस्थित उद्योगले आफ्नो खाली जग्गा बिक्री गर्ने योजना बनाएको छ । उद्योगका नाममा १२ बिघा जमिन उपयोग विहीन अवस्थामा छ । आर्थिक वर्ष २०६६/६७ देखि २०६७/६८ दुईवर्ष नाफामा रहेको उद्योग आर्थिक वर्ष २०६८/६९ देखि २०७०/७१ सम्म तीन वर्ष पुन: घाटामा गएको थियो ।

उद्योग आर्थिक वर्ष २०७१/७२ देखि २०७४/७५ को चारवर्ष नाफामा रहेको थियो तर, त्यसयता निरन्तर घाटामा सञ्चालन हुँदै आएको छ । नेपाल सरकार र एसियाली विकास बैंकको लगानीमा २०३३ सालमा स्थापना भएको हेटौंडा सिमेन्ट उद्योगमा ६ सय ५५ कर्मचारीको दरबन्दीमध्ये १ सय २६ जना मात्रै कार्यरत छन् । पर्याप्त जनशक्ति नहुँदा पनि उद्योग चलाउन कठिनाइ भएको छ । हेटौंडा सिमेन्ट उद्योग सञ्चालक समितिका अध्यक्ष नरेन्द्र भण्डारीले उद्योग मन्त्रालयप्रति असन्तुष्टि जनाउँदै राजीनामा दिइसकेका छन् ।

उनकाअनुसार उद्योगलाई प्रतिस्पर्धी बनाउन आवश्यक पर्ने पुँजीगत तथा चालुखर्च व्यवस्थापनका लागि पटकपटक ऋण तथा अनुदानका लागि अनुरोध गरेपनि मन्त्रालयबाट ठोस नीतिगत निर्देशन र आर्थिक व्यवस्थापन नभएको हो । पुरानो मेसिनरी संयन्त्र, प्रविधिगत सीमितता र चरम आर्थिक अभावमा उद्योग धराशयी बन्दै गएको उनले बताएका थिए ।

# हेटौंडा-६ चौघडा कालिपोखरीमा सप्ताह ज्ञानमहायज्ञ सुरु



साझाकुरा संवाददाता

हेटौंडा, २२ बैशाख/ हेटौंडा-६ चौघडा कालिपोखरीमा वैशाख २२ गतेदेखि श्रीमद्भागवत सप्ताह ज्ञानमहायज्ञ सुरु भएको छ ।

डोलेश्वर महादेव पाथीभरा महाकाली रक्तदन्तिका दिव्यशक्तिधाम व्यवस्थापन समितिको आयोजनामा मन्दिर निर्माण तथा आवश्यक भूमि खरिद गर्ने उद्देश्यले महायज्ञ सञ्चालन गरिएको हो । धार्मिक आस्था र सामाजिक एकताको सन्देश फैलाउने लक्ष्यसहित सुरु गरिएको महायज्ञले स्थानीयस्तरमा उत्साह थपेको छ । महायज्ञको उद्घाटन गर्दै नेकपा एमाले बागमती प्रदेशका प्रमुख सचेतक एकालाल श्रेष्ठले धर्म, संस्कार र परम्पराले समाजलाई एकताबद्ध बनाउने महत्वपूर्ण भूमिका खेल्ने बताए । उनले धार्मिक कार्यक्रमले मानिसबीच आपसी सहयोग, सद्भाव र सहकार्यको भावना विकास गराउने उल्लेख गर्दै मन्दिर निर्माणकार्यमा आफ्नो तर्फबाट सक्दो सहयोग रहने प्रतिबद्धता व्यक्त गरे । यस्ता धार्मिक अभियानले समाजलाई सकारात्मक दिशामा अघि बढाउन मद्दत पुग्ने उनको भनाइ थियो ।

कार्यक्रममा स्थानीय बुद्धिजीवी, समाजसेवी, विभिन्न संघसंस्थाका प्रतिनिधि, सञ्चारकर्मी तथा सर्वसाधारणको उल्लेख्य उपस्थिति रहेको थियो । कार्यक्रममा सहभागीले धार्मिक आस्थासँगै सामाजिक उत्तरदायित्व पूरा गर्ने अभियानका रुपमा महायज्ञलाई लिएका बताएका छन् । कार्यक्रम समितिका अध्यक्ष शोभा घिमिरेको सभाध्यक्षतामा सञ्चालन भइरहेको सप्ताहमा दैनिक रुपमा भागवतवाचन, धार्मिक प्रवचन तथा विभिन्न सांस्कृतिक कार्यक्रम आयोजना गरिनेछ । वैशाख ३० गतेसम्म सञ्चालन हुने महायज्ञमा पण्डित बद्रीविशाल शास्त्री ढुंगानाले कथावाचन गर्नेछन् । आयोजकका अनुसार महायज्ञबाट संकलित रकम मन्दिर निर्माण र भूमि व्यवस्थापनमा खर्च गरिनेछ । त्यसअघि कलशयात्राले चौघडा बजार परिक्रमा गरेको थियो ।

# भाषा दिवसको अवसरमा २४ गते बागमतीमा सार्वजनिक बिदा




साझाकुरा संवाददाता

हेटौंडा, २२ बैशाख/ बागमती प्रदेशमा वैशाख २४ गते सार्वजनिक बिदा दिइने भएको छ । बागमती प्रदेश सरकारले भाषा दिवसको अवसरमा २४ गते प्रदेशभर सार्वजनिक बिदा दिने भएको हो ।

गत चैत २३ गते प्रकाशित सूचनाबमोजिम वैशाख २४ गते बिहीबार प्रदेश सरकारको सरकारी कामकाजको भाषासम्बन्धी दिवसको अवसरमा बागमती प्रदेशभर सार्वजनिक बिदा दिने निर्णय भएको हो । यो दिन प्रदेशभर सार्वजनिक संस्था तथा शिक्षण संस्था बन्द हुनेछन् । बागमती सरकारले २०८० वैशाख २४ गते प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धी ऐन कार्यान्वयन गर्दै यो दिनलाई भाषा दिवस मनाउँदै आएको छ ।






साझाकुरा

## हाम्रो कुरा

# जग्गाको निस्सा माग

मकवानपुरका सुकुम्बासी तथा अव्यवस्थित बसोबासीले जग्गाको निस्सा प्राप्तिको माग गर्दै संघीय सरकार र स्थानीय तहको ध्यानाकर्षण गराउनु केवल एक जिल्लाको समस्या होइन, यो समग्र देशको दीर्घकालीन भूमि र आवास नीतिसँग जोडिएको गम्भीर सवाल हो । वर्षौंदेखि बसोबास गर्दै आएका परिवारलाई एकाएक सूचना जारी गरेर जमिन खाली गर्न निर्देशन दिनु राज्यको संवैधानिक दायित्व र नागरिकको मौलिकअधिकार दुवैको मर्मविपरीत देखिन्छ । नेपालको संविधानले नागरिकलाई आवासको हक सुनिश्चित गरेको छ । तर, व्यवहारमा सुकुम्बासी तथा अव्यवस्थित बसोबासी अझै असुरक्षित जीवन बिताउन बाध्य छन् । सरकारी, ऐलानी तथा वनक्षेत्रमा बसोबास गर्दै आएका यी परिवारले न कानुनी स्वामित्व पाएका छन्, न त स्थायी बसोबासको सुनिश्चितता । यस्तो अवस्थामा 'खालीगर' भन्ने सूचनाले उनीहरुको आवासीय अधिकार मात्र होइन, जीविकोपार्जन, शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामाथि प्रत्यक्ष आघात पुर्‍याउँछ । २०४६ सालपछि भएका राजनीतिक परिवर्तनले सुकुम्बासी समस्या समाधानका लागि अनेक प्रतिबद्धता व्यक्त गरे । विभिन्न आयोग गठन भए, नीति तथा कार्ययोजना बने तर, ती अधिकांश कागजमै सीमित भए । व्यवहारमा भने समस्या झन् जटिल बन्दै गयो ।

अव्यवस्थित बसोबासीले हकभोग गर्दै आएको जमिनलाई कानुनी मान्यता दिने काम निरन्तर टर्दै जानु राज्यको नीति-निर्णय क्षमतामाथि प्रश्नचिन्ह खडा हुनु हो । भूमि ऐन २०२१ अनुसार गठन गरिएको भूमि समस्या समाधान आयोगको मूल उद्देश्य नै सुकुम्बासी र अव्यवस्थित बसोबासीको यथार्थ पहिचान गरी उनीहरुलाई निस्सा प्रदान गर्नु थियो । तर, आयोगको काम प्रभावकारी नहुनु, स्थानीय तह र संघीय सरकारबीच समन्वयको अभाव हुनु, र राजनीतिक इच्छाशक्तिको कमीले समस्या समाधानको गतिसुस्त भएको देखिन्छ । निस्सा नपाउँदा यी परिवार बैंकिङ सेवा, सहुलियत ऋण, सरकारी अनुदान र अन्य सामाजिक सुरक्षाबाट वञ्चित भइरहेका छन् । अर्कोतर्फ, अव्यवस्थित बसोबासीलाई केवल अवैध अतिक्रमणकारीकारुपमा हेर्ने दृष्टिकोण पनि त्रुटिपूर्ण छ । धेरैजसो परिवार दशकौंदेखि एउटै ठाउँमा बस्दै आएका छन् । उनीहरुले खानेपानी, सडक, विद्यालय, बिजुली जस्ता आधारभूत पूर्वाधार निर्माणमा श्रम, स्रोत र समय लगानी गरेका छन् । कतिपय बस्ती त स्थानीय विकासको आधार बनेका छन् । राज्य आफैंले उपयोग गरेको श्रम र योगदानलाई बेवास्ता गर्दै एकपक्षीयरुपमा हटाउने नीति अपनाउनु न्यायोचित हुँदैन । विकास र संरक्षणको नाममा गरिने जबर्जस्ती हटाइले दीर्घकालीन सामाजिक समस्या जन्माउँछ । बसोबास गुमेपछि मानिस विस्थापित हुन्छन्, बेरोजगारी बढ्छ, सहरीक्षेत्रमा अव्यवस्थित बस्ती थपिन्छन् र सामाजिक असन्तोष चुलिन्छ । यसको असर केवल सुकुम्बासी परिवारमा सीमित रहँदैन, समग्र समाज र राज्यको स्थायित्वमै पर्छ । अहिलेको आवश्यकता टालटुले सूचना र दमनकारी शैली होइन, समावेशी र दिगो समाधान हो । सबैभन्दा पहिले आवासीय अधिकार कुण्ठित गर्ने सूचना तत्काल खारेज गर्नुपर्छ । त्यसपछि भूमि समस्या समाधान आयोगलाई पूर्णअधिकार, स्रोत र समयसीमा दिएर काम गर्न लगाउनुपर्छ । स्थानीय तह, प्रदेश र संघीय सरकारबीच स्पष्ट कार्यविभाजन र समन्वय हुन जरुरी छ । सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई समस्या होइन, समाधानको हिस्सा मान्ने सोच विकास गर्नुपर्छ । उनीहरुलाई कानुनीरुपमा जग्गाको निस्सा दिँदै सुरक्षित आवासको व्यवस्था गर्नु सामाजिक न्यायमात्र होइन, दीर्घकालीन विकासको आधार पनि हो ।

राज्यले नागरिकलाई विस्थापित गरेर होइन, समेटेर अघि बढ्दामात्र संविधानको मर्म र लोकतन्त्रको मूल्य सार्थक हुन्छ । सोमबार मकवानपुर, बर्दियालगायत जिल्लामा प्रदर्शनसहित प्रशासनमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएका छन् । सुकुमवासीलाई उठीबास लगाउने नभई व्यवस्थापन गर्न माग गर्दै उनीहरु हेटौंडा उपमहानगरपालिका-११ थानाभन्ज्याङबाट सोमबार बिहान ११ बजे र्‍याली निकालेर जिल्ला प्रशासन कार्यालय पुगेका थिए । काठमाडौंमा रहेका सुकुमवासी बस्ती खाली गरेपछि अन्य जिल्लामा रहेका अतिक्रमित बस्तीको लगत संकलन गर्न गृह मन्त्रालयले जिल्ला प्रशासनलाई निर्देशन दिएसँगै मकवानपुरका सुकुमवासी पनि सशंकित छन् । हेटौंडा उपमहानगरका १९ वटै वडामा भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासी रहेका छन् । उपमहानगरमा भूमिहीन दलित २१०, भूमिहीन सुकुमवासी १ हजार ७४३ र अव्यवस्थित बसोबासी ३ हजार ७९० जना रहेका छन् । १७, १८ र १९ नम्बर वडामा समुदायस्तरमा छैनन् । तर, ठाउँठाउँमा भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासी रहेका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८३ वैशाख २४ गते बिहीबार ७ मे २०२६ । पञ्चमी, जेठ कृष्णपक्ष । बछलागा ११४६ ने.सं. । सूर्योदय ५:२२ सूर्यास्त ६:४० । समाज सुधार दिवस । भाषा दिवस । राष्ट्रिय पत्रकारिता दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : अनावश्यक झंझट बृद्धि | तुला | : मित्रबर्गबाट धोका |
| वृष | : आरोप प्रत्यारोपको सामना | वृश्चिक | : सम्पत्ति सम्बन्धी विवाद |
| मिथुन | : ऋण नाश | धनु | : न्यायिक कार्यमा सफलता |
| कर्कट | : खर्च वृद्धि | मकर | : कार्यगत उतारचढाव |
| सिंह | : आफन्तबाट चिन्ता | कुम्भ | : आर्थिक सिद्धि |
| कन्या | : इष्ट सिद्धि | मीन | : कार्य सिद्धिमा विलम्ब |

# शैक्षिक हव र यसका चरित्रका सवालमा संक्षिप्त चर्चा



✍रमेश प्रसाद लामिछाने

शैक्षिक हव, जनजिब्रोमा झुण्डिएको छ । यो शहरलाई शैक्षिक हवको रुपमा विकास गर्छौं । मेरो क्षेत्र अब शैक्षिक हव बन्दैछ । यो नगर शैक्षिक हव भै सक्यो । यो उपमहानगरलाई शैक्षिक हव बनाएको मैले हो । यो महानगरको पहिचान भनेकै शैक्षिक हव हो । यस्ता मौसमी गफले शैक्षिक हवकै अर्थलाई तोडमरोड गरेर भ्रम छर्ने काम बढेको स्विकार गर्न सकिन्छ । शैक्षिक हव बनाउने कुरा भन्न सजिलो छ । भै सक्यो भन्न पनि रमाईलै हुन्छ । भनाई र यथार्थ मिल्न सहज हुन्न भन्नेमा धेरै सहमत बन्न सक्छन् । त्यसमा पनि शैक्षिक हव भन्न र बन्नमा त झनै गहिरो खाडल भेट्न सकिन्छ । शैक्षिक हव शैक्षिक गुणस्तरीयतासंग जोडिएको हुन्छ । शैक्षिक गुणस्तरीयता सुन्दर र विशाल भौतिक संरचना मात्र पनि हौईन । शैक्षिक हवका लागि देशदेशावरबाट अध्ययनका लागि हज्जारौं विद्यार्थी आएर अध्ययन गर्नैपर्ने शर्त पनि हुन सक्छ । शैक्षिक हव हुनका लागि विश्वविद्यालय नै हुन अनिवार्य छ ? विद्यालय तहको शिक्षा प्रदान गर्ने स्थलमात्र पनि शैक्षिक हव बन्न सक्दैन र ? शैक्षिक प्रमाणपत्र वितरण गर्ने केन्द्र नै शैक्षिक हव हो त ? हामीले बुझेको हव निश्चित स्थान हो वा भवन हो ? अन्य, कुनै विधि वा प्रणाली हो ? यस्का विशेषता र चरित्रका सबालमा हामीले विश्लेषण गरेका छौं त ?

'हव' शब्दले शिक्षाको केन्द्र मात्र हैन, शहरको केन्द्र पनि बुझाउँछ । मानव शरीरको हव भन्नाले आँखा बुझिन्छ भने प्रत्येक वस्तु वा पदार्थको महत्वपूर्ण भाग वा अंगलाई हव भनिन्छ । अत्यन्त संवेदनशील र महत्वपूर्ण क्षेत्रलाई हव भन्ने प्रचलन सोह्रौं शताब्दिबाटै प्रारम्भ भएको पाईन्छ । पछिल्लो कालखण्डमा मेडिकल हव, शैक्षिक हव, ब्यपारिक हव, पर्यटकीय हव, औद्योगिक हव, उर्जा हव, रिसर्च हव, भाषा साहित्य तथा कलाका हव, जैविक विविधताको हव, आदि अनेकौं विषयका हवहरुका बारेमा चर्चा सुन्न सकिन्छ । यी प्रत्येक विषय अन्तर्गत पनि अनेकौं विशिष्टिकरणका शाखा उपशाखाहरु पनि हवका रुपमा पहिचान बनिसकेका छन् । प्राचिन भारतवर्षमा नालन्दा विश्वविद्यालय र वाराणशी शैक्षिक हव बनिरहँदा मिथिलान्चलमा राजर्षि जनकको दरबार शास्त्रार्थका लागि हव भएको हामीले पढेका छौं । अक्सफोर्ड युनिभर्सिटि विश्व प्रशिद्ध शैक्षिक हव स्विकार गरिएको छ । वौद्ध शिक्षाको हवको रुपमा लुम्बिनी हो भन्ने विश्वलाई थाहा छ । हाम्रो सन्दर्भमा हेटौंडा, बुटवल, बालाजु र बिराटनगर औद्योगिक हवका शहर भनेर चिनिन्छन् । चितवन भरतपुरलाई मेडिकल हव भनिए जस्तै पोखरा तथा इलामलाई पर्यटकीय हव भनेर बुझिन्छन् । कतिपय स्थानलाई नकारात्मक कोणबाट पनि विभिन्न विधासंग जोडेर हव भनिएका ठाउँहरु हामीले सुनेका छौं ।

शैक्षिक हव बनाउने काम सहज र ठट्टा हुनै सक्दैन । कुनै संस्था वा स्थानलाई लहडबाजीमा शैक्षिक हवको संज्ञा दिनु पनि उपयुक्त होईन । शैक्षिक हवका लागि पहिलो शर्त भनेकै उच्च शैक्षिक गुणस्तरीयता नै हो । अध्ययनशीलता, खोज अनुसन्धान, विषयवस्तुको गहिराई सम्मको ज्ञान र सीप गुणस्तरीयताका आधार हुन् । सुबिधा सम्पन्न आधुनिक प्रविधियुक्त आकर्षक भौतिक संरचना शैक्षिक हवका लागि अनिवार्य शर्त मानिएका छन् । सीपयुक्त, दक्ष, योग्य र क्षमतावान पर्याप्त जनशक्तीको जगमा शैक्षिक हवको पहिचान जोडिएको हुन्छ । त्यस्तै, विद्यार्थी मूल्याङ्कनको लागि वैज्ञानिक औजारहरुको प्रयोगमा वैध र बिश्वस्नीय परीक्षा प्रणाली अर्को शर्त स्वीकार गरिएको छ । शैक्षिक हव त्यो स्थान वा विश्वविद्यालय जहाँबाट प्राप्त शैक्षिक उपाधीको सम्मान हुन्छ, तत्काल रोजगारीका लागि प्रस्ताव गरिन्छन् र उद्योगी, ब्यवसायी अर्थात सरकारी वा गैरसरकारी क्षेत्रले खोजिरहेको हुन्छन् । अनि, कम लगानि गरेर धेरैले पहुँच बनाउन सक्ने स्थान भएको विश्वविद्यालयमा धेरैको आकर्षण बन्छ नै । टाढा टाढाबाट र दुनियाँका दूरदराजका शिक्षार्थीका लागि सपनाको विषय बन्नैपर्छ । सरकारको शैक्षिक नीति र प्रणाली विद्यार्थी मैत्री हुनैपर्छ । शिक्षा लिनेदिने दुबैका लागि मैत्रीपूर्ण र सहज बातावरण अर्को जरुरी शर्तको रुपमा हेरिएको छ । आज विश्वकै शैक्षिक हवको देश भनेर फिनल्याण्ड, डेनमार्क, ब्रिटेन, अष्ट्रेलिया, अमेरिका, चीन, रुस, जापान, आदि मुलुकको नाम लिने धेरै छन् । एउटा विश्वविद्यालय सबै विषयको हव नहुन सक्छ । एउटै विषयका पनि अनेकौं विशिष्टिकृत शिर्षकहरु पर्याप्त भेटिन्छन् ।

एउटा निश्चित कालखण्डमा शैक्षिक हव बनेको शहर अर्को कुनै समयमा बिगतको पहिचान कायम नहुन सक्छ । कुनै समयमा निश्चित विषयको हव बनेको विश्वविद्यालय खास समय पश्चात अर्को विषयको हव पनि त बन्न सकछ । समय संगै स्थान परिवेशका अनेकौ. परिवर्तनलाई स्वभाविक मान्न सकिन्छ । हिमाली भूगोलमा मौसम प्रतिकूलताका कारणले घुम्ती विद्यालय संचालनका बाध्यताहरु देखिएकै छन् । हिजो धराशायी भएको संस्था आज शिखरमा हुनसक्छ । बिगतमा उच्च स्थानमा रहेको शिक्षण संस्था आज इतिहासका पानामा सिमित बनेका उदाहरण अनेकौं छन् । उदाहरणका लागि हाम्रो देशका कुनैबेलाका दरबार हाईस्कूल, त्रिजुद्ध हाईस्कूल, त्रिभुवन विश्वविद्यालय र यस अन्तर्गतका ठाकुरराम बहुमुखी क्याम्पस, नेपाल ल क्याम्पस, पृथ्वी नारायण क्याम्पस, मोरङ्ग क्याम्पस, लगायतका संस्थाहरुलाई लिन सकिन्छ । बिगतको सिमित विद्यालय र कलेज हुँदाका अवस्था संग आजको च्याउ सरहका विद्यालय तथा कलेजहरु तुलना गर्न सकिन्छ । हिजो नाम चलेका प्रसिद्ध शिक्षण संस्थाहरु कतिपय आज इतिहास बनिसकेका छन् भने आज कतिपय शहर सरकारी र गैरसरकारी स्कूल कलेजका कारणले नयाँ शैक्षिक हवको रुपमा उदाईरहेका छन् । यस्को पछिल्लो उदाहरणका रुपमा हेटौंडालाई लिन सकिन्छ । बागमती प्रदेशको राजधानी हेटौंडा बनिसके पश्चात यो शहर मुलुक र बाहिर समेत चिनिन थालेको छ । बिशेषत: मधेश प्रदेशका विद्यार्थीहरुमा आकर्षण बृद्धिका कारणले हेटौंडाका शैक्षिक संस्थाहरुमा विद्यार्थीको चाप बढेको तथ्यमा बिमति छैन । भोलिको मधेशमा शैक्षिक स्तरमा सुधार हुने हो र परीक्षा प्रणालीमा स्वच्छता आउने स्थितिमा मधेशमै विद्यार्थी रोकिने अवस्था नआउला भन्न सकिन्न ।

पछिल्लो दशकमा शिक्षण संस्थाका भौतिक संरचनाहरुमा आएको परिवर्तन सराहनीय भन्नै पर्दछ । कक्षा कोठाहरु आकर्षक बनेका छन् । आज स्मार्टबोर्डहरुले हिजोको ब्ल्याकबोर्डलाई प्रतिस्थापन गरिरहेका छन् । विद्यालय र कलेजहरुमा विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याव, अंग्रेजी, सामाजिक, गणित, लगायतका विषयगत ल्यावहरु सहज देख्न सकिन्छ । हिजोको शिक्षक केन्द्रित ब्याख्यान विधिको ठाउँमा आज प्रोजेक्टर तथा स्मार्टबोर्डबाट विद्यार्थी केन्द्रित विधिहरु अपनाईएका छन् । शिक्षण संस्थाहरु विद्यार्थीका घर आँगनमा पुगेकाले कक्षाकोठामा विद्यार्थी अभाव आजको अर्को समस्या बनेको छ । बिगतमा विद्यार्थीले स्कूल कलेज खोज्दथे तर आज स्कूल कलेजहरु विद्यार्थी खोजिरहेका छन् । शैक्षिक हवका लागि शिक्षा प्रणाली महत्वपूर्ण पक्ष हो । समयानुकूल र सान्दर्भिक शिक्षा प्रणाली नै आकर्षणको केन्द्र बन्न सक्छ । आजको विश्व अति साँघुरो बनेकोमा बिमती छैन । तसर्थ शिक्षा ब्यवस्थाले शिक्षार्थीको भावना र चाहना अनि उनीहरुको आवश्यकता सम्बोधन गर्नैपर्छ । यो सरकारी नीति र दृष्टिकोणमा निर्भर गर्दछ । शिक्षा जीवनोपयोगी हुनैपर्दछ भन्ने पहिलो शर्त हो भने सीपयुक्त,ब्यवसायिक, खोजमूलक, नव प्रवर्द्धक र अनुसन्धानात्मक भएमा मात्र शैक्षिक हव बन्न सक्छ । शैक्षिक हवको लागि स्कूल कलेज धेरै चाहिने हैन । स्तरीय शिक्षा यस्कालागि अनिवार्य पक्ष हो । हामी हाम्रो शिक्षा प्रणाली र यहाँको शैक्षिक अवस्थाबाट शैक्षिक हवका लागि के कस्ता विषयमा ध्यान दिनुपर्दछ भन्ने कोणबाट आधारभूत कुराहरुको बिश्लेषण गर्न सक्दछौं । शैक्षिक सरोकारवाला संगको बहस र अन्तरक्रियाबाट जिम्मेवार निकायहरु शैक्षिक हवका लागि सकारात्मक बन्ने अपेक्षा गर्न सकिन्छ ।

# आलोचना भन्दा नागरिक आत्मसमीक्षाको खाँचो

नागरिक स्वयंमा अनुशासन हराएको छ जसका कारण आलोचनाहरू नीति, योजना र कार्यक्रमको साटो व्यक्तिगत जीवनमाथि लक्षित देखिन्छन्।
विकास, सुशासन र समृद्धिको सपना सरकारी पहलले मात्र पूरा हुँदैन, नेतृत्वसँगै नागरिकमा बलियो इमानदारी पनि आवश्यक हुन्छ।



✍सीमा बन

*'मलाई आलोचना मन पर्छ, किनभने आलोचनाले बलियो बनाउँछ ।' - लिब्रन जेम्स*

लोकतन्त्रमा नागरिकले सरकारलाई प्रश्न वा आलोचना गर्नु स्वाभाविक र आवश्यक मानिन्छ । लोकतन्त्रको सुन्दरता नै यही हो जहाँ नागरिकले सरकारलाई प्रश्न गर्न, सुझाव दिन र आलोचना गर्न पाउँछन् ।

सरकारका कामहरूको मूल्यांकन गर्नु, नेताहरूको निर्णयमाथि टिप्पणी गर्नु यी सबैले शासन प्रणालीलाई उत्तरदायी बनाउँछ । तर नेपालमा आलोचना गर्ने तरिका र उद्देश्य दुवैमा कमजोरी देखिन्छ । हामी प्राय: तथ्यभन्दा भावनामा आधारित आलोचना गर्छौं । कुनै निर्णय आयो भने त्यसको पृष्ठभूमि, चुनौती र सम्भावित प्रभाव बुझ्नुभन्दा पहिले नै सामाजिक सञ्जालमा नकारात्मक प्रतिक्रिया दिन थाल्छौं । यसले न त सत्यलाई स्पष्ट बनाउँछ, न त समाधानतर्फ लैजान्छ बरु समाजमा अनावश्यक भ्रम र दूरी बढाउँछ ।

नेपालको वर्तमान सामाजिक, आर्थिक र राजनीतिक परिवेशलाई नजिकबाट हेर्दा हामीले बारम्बार ठूला भ्रष्टाचार, अनियमितता र बेथितिको कुरा गर्छौं । तर सतहमा देखिने यथार्थ अलिक फरक पनि छ । नेपालमा नागरिक भन्दा कार्यकर्ताको बाहुल्य देखिन्छ । हाम्रो सोच प्राय: आफ्नो पक्षलाई सही र विपक्षलाई गलत ठान्ने छ । विपक्षले गरेको राम्रो काम पनि स्वीकार गर्न गाह्रो मानिन्छ । यसले सही कामको पनि अवमूल्यन गर्छ । यहाँ समाधान खोज्ने भन्दा दोष देखाउने प्रवृत्ति हावी छ । यही कारणले गर्दा लिब्रन जेम्सले भने जस्तो आलोचनाले नेतृत्वलाई बलियो बनाउन सकेको देखिँदैन ।

नागरिक यतिसम्म दलका कार्यकर्ता बन्छन् कि आफ्नै घर अगाडिको बाटो पिच गर्न पनि आफ्नो दलको स्थानीय प्रमुख छैन भने विरोध गर्ने, बखेडा झिक्ने अनि बाटोका खाडल देखाएर आलोचना गर्छन् । नेता-कार्यकर्ता र नागरिक राज्यका नभई दलविशेषका देखिन्छन् । यहाँ नीति, योजना र कार्यक्रमको समीक्षा गर्नुको सट्टा व्यक्तिको चरित्र, बोली र व्यक्तिगत जीवनमाथि टिप्पणी गर्ने बढी देखिन्छन् । यसले स्वस्थ राजनीतिक बहसलाई कमजोर बनाउँछ र मुद्दाभन्दा व्यक्ति ठूलो देखिन्छ ।

जब हरेक कुरा गलत मात्र देखाइन्छ तब मानिसहरूमा 'केही राम्रो हुँदैन' भन्ने धारणा बन्छ । यो धारणा देशको विकासका लागि सबैभन्दा ठूलो बाधा हो । अहिले युवा पुस्ताले नेपालमा केही नयाँपन खोजिरहेका छन् । सिस्टम र नीतिमा परिमार्जन खोजेका छन् । तर हामी परिवर्तनलाई स्वीकार गर्न र पर्खन सकिरहेका छैनौं । हामीलाई सिस्टम र नीतिभन्दा पर बसेर काम गर्ने आदत परिसकेको छ । तर यसैगरी हामीले हरेक प्रयासलाई नकारात्मक नजरले मात्र हेर्ने हो भने सुधार गर्ने प्रेरणा नै हराउँदै जान्छ । जसले नवप्रवर्तन र सिर्जनशीलतालाई रोक्छ । अनि, राजनीति निरन्तर आलोचना र नकारात्मकताको केन्द्र बन्दा नवप्रवेशीको खडेरी पर्न थाल्छ ।

नेपाल जस्तो विकासोन्मुख देशमा सानो सुधार पनि ठूलो उपलब्धि हुनसक्छ । तर त्यसका लागि नेतृत्वसँगै नागरिक पनि सचेत र इमानदार हुनुपर्छ अझ भनौं नागरिक दलको कार्यकर्ताभन्दा माथि उठ्नुपर्छ । वास्तवमा समाजको आधार नै व्यक्तिगत व्यवहारमा अडेको हुन्छ र त्यो आधारमा नै दरारहरू देखा पर्न थाल्छन् भने ठूलो संरचना कमजोर हुनु स्वाभाविक मानिन्छ । एकपटक प्रश्न हामी आफैंलाई गरौं । के हामी दैनिक जीवनमा पूर्ण रूपमा इमानदार छौं ?

मानिसले दैनिक जीवनमा गर्ने साना बेइमानीका उदाहरण खोज्न कतै जानै पर्दैन । कतिपयले बसभाडा तिर्न छल्छन् । कोही लाइन मिचेर अघि बढ्छन् । कसैले सिफारिसको भरमा काम गराउँछन् । कसैले आम्दानीमा कर छल्छन्, विद्यार्थीले नक्कल गरेर पास हुन्छन् । कर्मचारीले समयको दुरुपयोग गर्छन् । सकेसम्म कामबाट पन्छिन खोज्छन् । व्यापारीले तौलमा तल-माथि गर्छन्, ट्याक्सीले मिटरमा छलछाम गर्छन्, परिवारले नाफाघाटाको हिसाब खोज्छन् ।

मान्छेहरू लेनदेनमा छलकपट गर्छन् । यी सबै व्यवहारलाई हामी नजिकबाट नियालिरहेका हुन्छौं तर यस्ता कुरालाई सामान्य मानी बेवास्ता गरिरहेका हुन्छौं, गम्भीरताका साथ लिंदैनौं । यिनै साना बेइमानीहरूले हाम्रो सोच र संस्कारलाई विस्तारै दूषित बनाइरहेका हुन्छन् ।

हामीले दैनिक जीवनमा गरिने यस्ता बेइमानीहरू प्राय: नयाँपनका लागि गरिएका जस्ता लाग्छन् । सरकारी कार्यालयमा छिटो काम गराउन कसैले चिनजान प्रयोग गर्छ, कसैले चिया-खाजा खर्च दिन्छ । कतिपय अवस्थामा नियम पालना गर्दा भन्दा नियम तोड्दा काम सजिलै हुन्छ । यस्तो अवस्थामा धेरैले सोच्छन् म एक्लैले इमानदार भएर के फरक पर्छ र ? हाम्रो प्रणालीमा कमजोरीहरू छन् जस्तो ढिलासुस्ती, पारदर्शिताको कमी र जिम्मेवार प्राप्त पदाधिकारीको जिम्मेवारीको अभाव । यिनै कारणले मानिसहरू सानो बेइमानी गर्न बाध्य भएको जस्तो महसुस गर्छन् । तर, त्यही व्यवहारले फेरि प्रणालीलाई अझ कमजोर बनाइरहेको हुन्छ ।

यहाँ प्रणालीभन्दा पनि व्यक्तिगत सम्बन्ध र पहुँचलाई प्राथमिकता दिने चलन अझै पनि बलियो छ । चिनजान भए काम सजिलो हुन्छ भन्ने सोचले नियम र विधिलाई कमजोर बनाइरहेको छ । जब नियम पालना गर्नेभन्दा उल्लैन गर्नेले फाइदा पाउँछ, तब इमानदार व्यक्ति निरुत्साहित हुन्छ । अन्तत: समाजमा इमानदारी कमजोर र बेइमानी बलियो बन्न थाल्छ ।

पद, पावर र पहुँचले बनाएको कृत्रिम प्रतिष्ठामा रमाएको समाजमा कहिलेकाहीं इमानदारी एक्लिन्छ । हामीले नियम पालना गर्दा अरूले सर्टकर्ट लिएर अघि बढेको देख्दा निराशा महसुस हुन्छ । तर इमानदारीले आत्मसम्मान बढाउँछ । सही बाटोमा अडिग रहँदा मन शान्त हुन्छ, आत्मविश्वास बलियो हुन्छ । वास्तवमा जीवनमा साँचो खुसी बाहिरी सफलताबाट होइन मनभित्रको सन्तुष्टिबाट आउँछ र त्यो सन्तुष्टि इमानदारीबाटै सम्भव हुन्छ । यसले व्यक्तिगत जीवनमा मात्रै होइन कार्यालयको कार्य सम्पादनमा पारदर्शिता, व्यापारमा विश्वास बढ्छ, शिक्षाको गुणस्तरमा सुधार हुन्छ र समाजमा सम्बन्धहरू मजबुत बन्छन्, मिहिनेतको कदर र न्यायको अनुभूति हुन्छ ।

हामीले बारम्बार देश बदलिनुपर्छ भन्यौं तर देश कसले बनाएको हो ? हामीले नै होइन ? हामी विकास, सुशासन र समृद्धिको कुरा गर्छौं । तर यी सबै केवल नीतिले मात्र पूरा हुँदैनन् । यसका लागि नेतृत्वसँगै नागरिकमा बलियो इमानदारी पनि आवश्यक हुन्छ । आज समाजमा काम निकाल्न सिपालु व्यक्तिलाई प्रशंसा गरिन्छ, चाहे उसले नियम तोडेरै किन नहोस् । उसैलाई हामी चलाख भनेर गर्व गर्छौं ।

चलाखी होइन इमानदारी नै गर्वको विषय बन्नुपर्छ । यसका लागि केही व्यावहारिक कदमहरू अपनाउन सकिन्छ । लाइनमा आफ्नो पालो कुर्नु, आफ्नो काम इमानदारीपूर्वक गर्नु, अरूको अधिकार नहडप्नु, सानो फाइदाका लागि गलत बाटो नअपनाउनु, आफ्नो कामप्रति जिम्मेवार बन्नु, गलत कामलाई सामान्य नठान्नु । आफूले नगरे पनि, कम्तीमा त्यसलाई 'ठिकै हो' भनेर समर्थन नगर्नु । बालबालिकालाई सानैदेखि नैतिक शिक्षा दिनु, इमानदार व्यक्तिलाई सम्मान गर्नु । यी कुरा सुन्दा सामान्य लाग्छन् तर यिनै कुराले व्यक्तिको चरित्र र मजबुत समाज निर्माणमा महत्वपूर्ण भूमिका खेल्छन् ।

हामीले प्राय: भ्रष्टाचारको दोष नेता, कर्मचारी वा प्रणालीलाई दिन्छौं । तर कहिल्यै आफैंलाई सोधेका छौं ? के हामी नियमको सही बाटोमा हिंडेका छौं ? सानो फाइदाका लागि नीति नियमलाई तोडमोड गर्ने, चुप लागेर गलतलाई सहने वा आफ्नो जिम्मेवारीबाट पन्छिने बानी कतै हामीमै त छैन ? एकपटक मनन गरौं । वास्तवमा समाजमा देखिने धेरै बेइमानी हाम्रो आफ्नै साना व्यवहारबाट जन्मिएका हुन्छन् ।

तर प्रणाली नै बेइमानीलाई प्रोत्साहित गर्ने खालको छ भने, इमानदार व्यक्ति एक्लो पर्न सक्छ । त्यसैले, प्रणाली सुधार अत्यावश्यक हुन्छ । यसका लागि राज्यका तर्फबाट सार्वजनिक सेवाहरू डिजिटल बनाउने, प्रक्रियालाई पारदर्शी बनाउने, पुरस्कार, दण्ड र सजायलाई न्यायोचित बनाउने, न्यायको प्रत्याभूति दिलाउने, समाजमा देखिने नकारात्मक र अराजक प्रवृत्तिलाई न्यूनीकरण गर्ने, नागरिकको सम्मानपूर्वक बाँच्ने अधिकारलाई सुनिश्चित गर्ने जस्ता कार्यहरू तदारुकताका साथ अगाडि बढाउनुपर्छ । पछिल्लो समय राज्यका तर्फबाट केही यस्ता सुरुवाती कदमहरू देखिएका छन् । यसलाई सबैले सकारात्मक रूपमा नै लिनुपर्छ ।

अन्तत: परिवर्तन दुईतर्फी हुनुपर्छ । नागरिकले आफ्नो व्यवहार सुधार्ने र प्रणालीले इमानदारीलाई सहज बनाउने । हामीले सबै कुरा तुरुन्त बदल्न सक्दैनौं । जब गलत कामलाई सामान्य मानिन्छ, तब सही र गलत बीचको खाडल बढ्न थाल्छ । मानिसहरू आफ्नो स्वार्थलाई नै सबैभन्दा ठूलो सत्य मान्न थाल्छन् ।

यस्तो अवस्थामा, समाजमा मूल्य र मान्यताहरू कमजोर बन्छन् । जसले दीर्घकालीन रूपमा ठूलो संकट निम्त्याउन सक्छ अनि भ्रष्टाचार र अनियमितता सामान्य बन्छ । यथार्थ यही हो कि सानो भए पनि बेइमानीले समस्या बनाउँछ तर इमानदारीले सधैं समाधान शुरु गर्छ ।


समस्या समाधान केवल दोषारोपणले हुँदैन । यदि प्रणालीमै कमजोरी छ भने त्यसलाई सुधार गर्ने जिम्मेवारी पनि हाम्रै हो । इमानदार नागरिकको सक्रियता विना असल शासन सम्भव हुँदैन । हामीले 'अरूले के गर्‍यो ?' भन्दा 'म के गर्न सक्छु ?' भन्ने सोच अपनाउनुपर्छ । किनभने, परिवर्तन सधैं आफैंबाट शुरु हुन्छ । यदि हामीले केवल आफ्नै मात्र फाइदा सोच्यौं, जिम्मेवारीबाट पन्छियौं र आलोचनामा मात्र सीमित भयौं भने विकासको बाटो कहिल्यै फराकिलो हुँदैन ।

त्यसैले आलोचना गरौं तर आत्मसमीक्षा पनि गरौं । अरूबाट सुधारको अपेक्षा गर्नुअघि आफैंबाट शुरु गरौं । देश परिवर्तनको मोडमा छ । सकारात्मक भएर हरेक तह र तप्काबाट आफ्ना जिम्मेवारी र कर्तव्य पूरा गरौं । निराशा होइन आशावादी बनौं ।

(साभार: अनलाइनखबर)

# भारत र चीनका नेपाली दूतावासमा सशस्त्रका प्रतिनिधि राख्ने प्रस्ताव

काठमाडौं/भारत र चीनस्थित नेपाली दूतावासहरूमा सशस्त्र प्रहरी बल, नेपालका प्रतिनिधि राख्ने प्रस्ताव अघि बढाइएको छ । सीमा सुरक्षाको जिम्मेवारी पाएको सशस्त्र प्रहरी बलले दुई छिमेकी देशमा आफ्नो प्रतिनिधि राख्नुपर्ने प्रस्ताव गृह मन्त्रालयमा पेस गरेको छ । राजु अर्याल आईजीपी (महानिरीक्षक) रहेकै बेला यो प्रस्ताव अघि बढाइएको हो ।




१८ वैशाखदेखि अवकाशमा गएका अर्यालको पालामा सीमा सम्बन्धी समस्या हेर्नका लागि भन्दै दुई छिमेकी मुलुकका नेपाली दूतावासमा सशस्त्रको प्रतिनिधि राख्नुपर्ने प्रस्ताव गरिएको थियो । उक्त प्रस्ताव त्यतिबेला सशस्त्र हेडक्वार्टर हल्चोकले गृहमा पठाएको थियो ।

अर्यालको कार्यकालमा भएका महत्त्वपूर्ण कामहरू र भावी योजना तथा कार्यदिशाबारे दूतावासमा सशस्त्र प्रहरीको प्रतिनिधि राख्नेबारे पनि उल्लेख छ । सशस्त्रले प्रस्ताव गरेर मन्त्रालय पठाए पनि काम बाँकी रहेकाले यसलाई पाइपलाइनमा राखिएको उल्लेख गरिएको छ । सीमा सुरक्षाको जिम्मेवारी सशस्त्रको रहेकाले सीमा समस्याका विषय हेर्ने गरी सशस्त्र प्रहरीको प्रतिनिधि राख्नुपर्ने प्रस्ताव हेडक्वार्टरले गरेको सशस्त्र प्रहरी बलका प्रवक्ता तथा डीआईजी विष्णुप्रसाद भट्ट बताउँछन् ।

खुला सीमाना भएका कारण सीमा समस्याका विषयहरू आइरहने, सीमामा हुने अपराधका घटनाहरू र एकआपसमा समन्वय गर्नका लागि पनि सशस्त्रको आवश्यकता रहेको निष्कर्ष निकालेर दूतावासमा प्रतिनिधि राख्नुपर्ने प्रस्ताव गरिएको उनको भनाइ छ ।

सशस्त्रको प्रतिनिधि राख्दा एक आपसमा समन्वय हुने, भारतीय सशस्त्र सीमा बल (एसएसबी) सँग समन्वय हुने, सशस्त्र र एसएसबी मिलेर गर्नुपर्ने काममा पनि सहजीकरण र समन्वय हुने भन्दै दूतावासमा सशस्त्र प्रहरीको प्रतिनिधि राख्नुपर्ने हल्चोकको माग छ । त्यस्तै, चीनतर्फ पनि खुला सीमा रहेकाले सीमा सुरक्षादेखि नाकामा हुने अन्य अपराधका घटनाहरू, चिनियाँ पक्षसँगको समन्वय जस्ता विषयहरूका लागि दूतावासमा सशस्त्रको उपस्थिति हुनुपर्ने तर्क छ ।

अहिले चीनतर्फको सीमामा सशस्त्र प्रहरीका ११ र भारतफर्तको सीमामा २४९ गरी जम्मा २६० बीओपी (बोर्डर आउट पोस्ट) छन् । यिनै बीओपीमार्फत सीमा सुरक्षाका कामहरू भइरहेका छन् । अहिले भारतस्थित नेपाली दूतावासमा नेपाली सेना, नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धान विभाग (राअवि)का प्रतिनिधिको उपस्थिति छ । यसबाहेक नेपाल प्रहरीले विगत लामो समयदेखि खाडीदेखि युरोप, अमेरिकामा प्रहरी सहचारी राखनुपर्ने प्रस्ताव गर्दै आएको छ ।

बालेन शाह नेतृत्वमा सरकार गठन भएसँगै सीमामा थप जनशक्ति बढाउन निर्देशन भएको थियो । तर, प्रहरीको यो प्रस्ताव अहिलेसम्म पारित हुन सकेको छैन । यही अवस्थामा सशस्त्र प्रहरीले पनि भारत, चीनमा आफ्नो प्रतिनिधि राखनुपर्ने प्रस्ताव गरेको छ । तर यसको कार्यान्वयन पक्ष भने जटिल देखिन्छ ।

अहिले नेपाल-भारत सीमाका स्टिप म्याप १८२ थान नापी विभागबाट प्राप्त गरी सीमा सुरक्षा विभागमा (बोर्डर रिसोर्स एन्ड सिसर्च सेन्टर, बीआरआरसी) स्थापना गरिएको छ । सीमा क्षेत्रमा ११० स्थानमा ३३८ वटा सीसी क्यामेरा जडान गरी निगरानी गरिएको छ ।

सशस्त्र प्रहरीका नवनियुक्त आईजीपी नारायणदत्त पौडेलले नेपाल-भारत सीमावर्ती क्षेत्रमा सुरक्षा र सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन बोर्डर इन्टर्याक्सन टिम (बीआईटी) परिचालन गर्ने नयाँ नीति अवलम्बन गरेका छन् ।

मुख्य सीमा नाकाहरूबाट सुरु गरिने यी टोलीहरूले सीमामा आवतजावत गर्ने सर्वसाधारणलाई सहजीकरण गर्ने, स्थानीय समुदायसँग समन्वय बढाउने, सूचनाको आदान-प्रदानलाई व्यवस्थित गर्ने तथा सीमापार अपराधको निगरानी र नियन्त्रणमा सक्रिय भूमिका निर्वाह गर्ने बताइएको छ ।

यसबाट सीमा क्षेत्रमा विश्वासको वातावरण निर्माण हुनुका साथै प्रारम्भिक चरणमै सुरक्षा चुनौतीहरूको पहिचान र व्यवस्थापन गर्न सहयोग पुग्ने अपेक्षा छ । दूतावासमा सशस्त्र प्रहरी प्रतिनिधि राख्ने प्रस्तावसँगै सीमा व्यवस्थापन प्राधिकरण गठन गर्ने प्रस्ताव पनि सशस्त्र प्रहरीको छ । यसअघि खारेज भएको सीमा विभागलाई ब्युँताउँदै एआईजीको दरबन्दी थप गरिएको थियो ।

बालेन शाह नेतृत्वमा सरकार गठन भएसँगै सीमामा थप जनशक्ति बढाउन निर्देशन भएको थियो । त्यसपछि तीन हजार जनशक्ति सीमामा थप्ने योजनाअनुसार सशस्त्र प्रहरी पहाडी जिल्लाका जनशक्तिलाई सीमा क्षेत्रमा खटाएको थियो । सशस्त्र प्रहरीको अर्को तयारी डिजिटल बोर्डर कन्सेप्ट छ । डिजिटल बोर्डरको कन्सेप्ट कार्यान्वयनमा लैजान भन्दै राजु अर्यालकै पालामा मन्त्रालयमा पेस भएको थियो । सीमाका गतिविधि डिजिटल रूपमै काठमाडौंबाटै निगरानी गर्न सक्ने भन्दै यसलाई महत्वपूर्ण प्रोजेक्टको रूपमा लिइएको छ ।

**२६ वर्षदेखि प्रहरीले पाएन**

सशस्त्र प्रहरीले अहिले भारत-चीनमा सशस्त्र प्रतिनिधि राख्नुपर्ने प्रस्ताव गरे जस्तै नेपाल प्रहरीले विगत २६ वर्षदेखि विभिन्न देशहरूमा प्रहरी सहचारी राख्नुपर्ने माग गर्दै आएको छ । अच्युतकृष्ण खरेल आईजीपी भएको बेला २०५६ सालमा प्रहरी सहचारी राख्नुपर्ने प्रस्ताव गरिएको थियो । त्यतिबेला भारत, पाकिस्तान, श्रीलंका, बंगलादेश, अमेरिका, हङकङ, सिंगापुर, थाइल्यान्डमा प्रहरी सहचारी राख्नुपर्ने प्रस्ताव गरिएको थियो । तर अहिलेसम्म भारत बाहेक अन्यत्र कही पनि प्रहरी सहचारी राखिएको छैन ।

खरेलपछि यता १८ जना आईजीपी भइसक्दा पनि प्रहरीको यो प्रस्ताव पारित हुन सकेको छैन । प्रहरी सहचारीको प्रस्ताव कार्यान्वयनमा नआउनुमा परराष्ट्र मन्त्रालयका कर्मचारीलाई दोष दिने गरेका छन् । दूतावास भएकै ठाउँमा प्रहरी सहचारी राखिन्छ । प्रहरीले सहचारी राख्ने भनेका धेरैजसो देशहरूमा सैनिक सहचारी पनि छन् । तर उनीहरू प्रहरी सहचारी भएर आएको नरुचाउँदा प्रस्ताव कार्यान्वयनमा नगएको एक पूर्वआईजी बताउँछन् ।

'प्रहरी सहचारी राखेपछि आफूहरूको जिम्मेवारी खोसिन्छ, कमजोर भइन्छ भन्ने सोचाइ परराष्ट्रका कर्मचारीमा देखिन्छ । उनीहरूकै कारण पनि प्रहरी सहचारीको प्रस्ताव कार्यान्वयमा आउन नसकेको हो,' एक पूर्वआईजीले संचारकर्मीसँग भने । अर्कोतर्फ, हरेक पटक आर्थिक कारण देखाउँदै प्रहरी सहचारीको प्रस्तावलाई असफल बनाइएको प्रहरी अधिकारीहरू बताउँछन् । खरेलको पालामा २०५६ सालमा भारतसहित ८ मुलुकमा प्रहरी सहचारी राख्ने प्रस्ताव गरिएको थियो । तर उनको पालामा कुनै पनि मुलुकमा प्रहरी सहचारी राखिएन । खरेलपछि आईजी बनेका प्रदीप शमशेर जबराको पालामा २०५८ सालमा दिल्लीमा प्रहरी सहचारी राखिएको थियो ।

दिल्लीमा प्रहरी सहचारी राखनुको मुख्य कारण माओवादी द्वन्द्वसँग जोडिएको छ । खुला सीमाका कारण तत्कालीन माओवादी नेताहरूले भारतलाई सेल्टर बनाएर बसेको भन्ने सूचना पाएपछि तत्कालीन सरकारले प्रहरी सहचारी राखने निर्णय गरेको थियो । त्यस यता दिल्लीमा एसएसपी दर्जाका एक जना प्रहरी सहचारी रहँदै आएका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# मुख्यमन्त्री बानियाँमाथिको छानवीनमा निष्पक्षता अपनाउन आग्रह



साझाकुरा संवाददाता

हेटौंडा, २२ बैशाख/ नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलले मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ माथि लगाइएको आरोपको निष्पक्ष रुपमा छानवीन गर्न आग्रह गरेको छ ।

काठमाडौंमा बसेको संसदीय दलको बैठकले सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट सुरु गरिएको छानबीनप्रति गम्भीर ध्यानाकर्षण जनाउँदै निष्पक्ष, पारदर्शी र कानुनीप्रक्रियाअनुसार अनुसन्धान गर्न सम्बन्धित निकायसँग आग्रह गरेको हो । विभागले सामान्य सूचना र संवैधानिक प्रक्रिया अवलम्बन नगरी निजीनिवास र विगतमा उहाँ आवद्ध कार्यालयमा गरिएको छापामार शैलीको अनुसन्धान कार्यप्रति आपत्ति जनाउँदै कांग्रेस संसदीय दलले दलका नेतामाथि लगाइएको आरोपको संवैधानिक र कानूनी दायरामा रहेर निष्पक्ष, न्यायोचितरुपमा छानवीन गर्न भनेको छ ।

बैठकले कुनैपनि व्यक्ति माथि लागेका आरोप विधिसम्मत दायराभित्र राखी न्यायोचित र निष्पक्षढंगले गर्नुपर्ने माग गरेको छ । संविधान र कानुनअनुसार हुने अनुसन्धानमा पार्टीको पूर्णसहयोग रहने कांग्रेस संसदीय दलको भनाई छ । 'दलका नेतामाथि लगाइएको आरोपको संवैधानिक र कानुनी दायरामा रहेर निष्पक्ष एवम् न्यायोचित रुपमा छानबीन गर्न बैठकले निर्णय गरेको छ ।

कांग्रेसले अनुसन्धान प्रक्रियालाई कानुनी प्रक्रियासम्मत बनाउन माग गरेको छ ।' संसदीय दलका सचिव प्रदेशसभा सदस्य मीनकृष्ण महर्जनले भने, 'कांग्रेस अनुसन्धानको दायरा भन्दा पर भाग्दैन । सबैलाई अनुसन्धान गर्नुपर्छ भन्ने पक्षमा कांग्रेस छ । कानुन अनुसार भएका सबै अनुसन्धानमा मुखयमन्त्रीसहित सबैले सघाउने निर्णय गरेका छौं ।'

बैठकमा प्रदेशसभाको सभामुख चयन र मन्त्रिपरिषद् पुनर्गठनबारे पनि छलफल भएको थियो । बैठकले कांग्रेस सभापति गगनकुमार थापा र सहमहामन्त्री बहादुरसिंह लामासँग छलफल गरेर बैशाख महिनाभित्रै सभामुख चयन गर्ने निश्कर्ष निकालेको छ । बैठकले प्रशासनक पुनर्संरचनाको कामलाई निर्णयमा पुऱ्याएर मन्त्रिमण्डल घटाउने निर्णय गरेको छ । यो कार्य बैशाख महिनामा टुंग्याउन गरी मुख्यमन्त्री बानियाँलाई जिम्मा दिने बैठकले निर्णय गरेको हो । बैठकले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट तथा आयोजना छनोटका लागि निर्वाचन क्षेत्र केन्द्रीत भएर छलफल गर्ने निर्णय गरेको छ ।

आगामी वर्षका लागि आयोजना छनोट गर्दा हचुवाका भरमा नगरी प्रदेशसभा सदस्यको माग र भौगोलिक आवश्यकतालाई मुख्य आधार बनाइने बैठकले निर्णय गरेको छ । बजेटलाई जनमुखी र सन्तुलित बनाउनका लागि सम्बन्धित क्षेत्रका जनप्रतिनिधिको सुझाव र भूगोलको विशिष्टतालाई प्राथमिकता दिने दलको तयारी छ ।

# 'मितज्यू'को पात्र मभन्दा फरक छ: दयाहाङ राई



काठमाडौं/अभिनेता दयाहाङ राईको यस वर्षका लागि पहिलो फिल्म 'मितज्यू' जेठ ८ गतेबाट प्रदर्शनमा आउँदैछ । मितेरी साइनोको कथामा बनेको यस फिल्ममा दयाहाङले ग्रामीण भेगको एक ड्राइभरको भूमिका निभाएका छन् । अर्का अभिनेता सौगात मल्लसँग उनको घम्साघम्सी परेको टिजरमा देखन सकिन्छ । उनीहरूको जोडीका कारण पनि फिल्मप्रति दर्शकको चासो बढेको छ ।

दयाहाङले यो फिल्मको स्क्रिप्ट भने करिब ८ वर्षअघि नै पढिसकेका रहेछन् । त्यसबेला उनलाई फिल्मको कथावस्तु एकदमै रोचक लागेको थियो । तर, कहिले उनको व्यस्तता त कहिले कोरोना महामारीका कारण फिल्म बन्न सकेको थिएन । गत वर्ष भने उनले समय निकालेरै 'मितज्यू'मा काम गरे । फिल्म गर्दा रमाइलो भएको उनको अनुभव छ ।

उनी 'मितज्यू'लाई सम्बन्धको कथाको रूपमा व्याख्या गर्छन् । भन्छन्, 'विशेषगरी यो पारिवारिक सम्बन्ध, आपसी मित्रता र व्यावसायिकताको कथा हो । एउटा गाउँदेखि सहरसम्म गाडीको रुट छ, जहाँ तीनजना चालकले सेवा दिइरहेका छन् । गाडी चलाउने पेसामा हुने दौडधुप र पारिवारिक जिम्मेवारीबीच पात्रहरू के सोचिरहेका हुन्छन् भन्ने कथाको वरिपरि फिल्म घुमेको छ ।'

उनी फिल्ममा आफूले एकदमै गहिरो पात्र निभाएको दाबी गर्छन् । तर, त्यो पात्र आफ्नो स्वभावभन्दा पूर्णत: फरक रहेको उनको भनाइ छ । 'फिल्ममा मैले निभाएको पात्र मभन्दा नितान्त फरक छ । तर, मैले देखेका र महसुस गरेका यथार्थसँग जोडिएको छ । अहिलेको सामाजिक-राजनीतिक सन्दर्भसँग पनि दर्शकले यसलाई 'कनेक्ट' गर्न सक्नुहुन्छ,' उनले भने ।

दयाहाङले 'मितज्यू'मा सौगातसँग अघिल्ला फिल्ममा जस्तो सम्बन्ध नभएको पनि स्पष्ट पारेका छन् । फिल्ममा दुई पात्रको उद्देश्य नै फरक रहेको उनको भनाइ छ । उनी भन्छन्, 'हाम्रो सम्बन्ध 'लुट' र 'कबड्डी'मा जस्तो यसमा छैन । फिल्ममा हामी एकअर्कासँग किन लडिरहेका छौं भन्ने कुरा नै फरक छ । दर्शकलाई सुरुमा एउटा शंका लाग्न सक्छ, तर वास्तविक कुरा अर्कै छ ।'

# अदालतले माग्यो 'लालीबजार'को सेन्सर कपी

काठमाडौं/बादी महिलाको संघर्षको कथामा आधारित फिल्म 'लालीबजार' विरुद्धको मुद्धाको पेशी सरेको छ । मंगलबार भएको सुनुवाइपछि उच्च अदालत पाटनका न्यायाधीश द्वय गीताप्रसाद तिम्सिना र दीपक खनालको संयुक्त इजलासले चलचित्र जाँच समिति (सेन्सर बोर्ड)लाई सेन्सरसम्बन्धी सक्कल कपी पेस गर्न आदेश दिँदै बुधबारका लागि पेशी तोकेको हो ।

बादी समुदायको तर्फबाट रोशनी नेपालीले दायर गरेको मुद्धाको आधारमा उच्च अदालत पाटनले वैशाख १५ गते फिल्मको प्रदर्शन रोक्न अल्पकालीन अन्तरिम आदेश जारी गर्दै वादी र प्रतिवादी दुवै पक्षलाई मंगलबार छलफलका लागि बोलाएको थियो । अदालतको आदेशपछि वैशाख १८ गते हलमा लाग्ने तयारीमा रहेको 'लालीबजार'को प्रदर्शन रोकिएको थियो ।

वैशाख १४ गते रोशनी नेपालीले फिल्मका केही दृश्य र संवादमा आपत्ति जनाउँदै अदालतमा रिट दायर गरेकी थिइन् । त्यसअघि उनले सेन्सर बोर्डमा फिल्म हेरेकी थिइन् । उनले पत्रकार सम्मेलन समेत गर्दै बादी समुदायको पीडा र घाउलाई निचोरेर फिल्म बनाइएको आरोप लगाएकी थिइन् । उनले फिल्मले बादी समुदायको नैतिकताको हत्या गर्ने दाबी समेत गरेकी थिइन् ।

उच्च अदालतले फिल्मको प्रदर्शन रोक्न आदेश दिएपछि फिल्मकर्मीहरूले गत बुधबार अभिव्यक्ति स्वतन्त्रताको पक्षमा मौन प्रदर्शन गरेका थिए । काठमाडौंको माइतीघर मण्डलामा अशोक शर्मा, स्वस्तिमा खड्का, निश्चल बस्नेत, प्रदीप भट्टराई, खगेन्द्र लामिछाने लगायतले कालो पट्टी बाँधेर अदालतको निर्णयको विरोध गरेका थिए ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# गुल्सनको गर्जन

काठमाडौं/मंगलबार टीयू मैदानमा ओमानविरुद्ध पाँच विकेट लिएपछि गुल्सन झाको सेलेब्रेसन हेर्नलायक थियो । उनले 'दिस इज माई टेरिटोरी' शैलीमा दुवै हातको औंलाले पिचतर्फ देखाउँदै बोल्ड सेलेब्रेसन गरेका थिए । त्यो सेलेब्रेसन हेर्दा गुल्सनको गर्जन जस्तै थियो । गुल्सनको त्यो सेलेब्रेसन नेपालका लागि जितको आधार थियो । विपक्षी ओमानको लागि भने गुल्सनको बलिङ घातक साबित हुँदै थियो ।

आईसीसी क्रिकेट विश्वकप लिग टु अन्तर्गत घरेलु मैदानमा घरेलु समर्थकअघि ५ विकेट लिएर नेपाललाई जित दिलाउन पाउँदा गुल्सनको बलिङ महत्वपूर्ण रह्यो । गुल्सनकै घातक बलिङमा नेपालले ओमानलाई हराउँदै यसअघि टीयू मैदानमै बेहोरेको हारको बदला पनि लियो । अहिले भइरहेको लिग टु साइकल अन्तर्गत नै सन् २०२४ सेप्टेम्बर १८ मा क्यानडाको ओन्टारियोमा भएको ओमान विरुद्धको खेलमा नेपालका गुल्सन झाले अर्धशतक बनाउँदै बलिङमा ५ विकेट लिएर कीर्तिमान बनाएका थिए ।

उक्त खेलमा गुल्सनले शानदार अलराउण्ड प्रदर्शन गरेपनि नेपाल अन्तिममा ओमानसँग ५ विकेटले पराजित भएको थियो । रोहित पौडेल (६०) र गुल्सन झा (५३) ले अर्धशतक बनाएपछि नेपालले पहिले ब्याटिङ गर्दै ९ विकेट गुमाएर २२० रन बनाएको थियो । ब्याटिङमा अर्धशतक प्रहार गरेका गुल्सन बलिङमा पनि चम्किँदै १० ओभरमा २ मेडन राख्दै ४७ रन खर्चिएर ५ विकेट लिए । तर त्यसका बाबजुद पनि ओमानले एक बल बाँकी छुँदा ९ विकेट गुमाएर लक्ष्य पूरा गर्दै १ विकेटको रोमाञ्चक जित हात पारेको थियो ।

उक्त खेलमा गुल्सन नेपालका लागि एकै ओडीआई खेलमा अर्धशतक प्रहार गर्ने र ५ विकेट लिने पहिलो खेलाडी बनेका थिए । गुल्सनले व्यक्तिगत उपलब्धि हासिल गरेपनि नेपालले जित हात पार्न नसक्दा त्यो उपलब्धि खिन्न बनाउने खालको थियो । तर त्यसको करिब डेढ वर्षपछि उही विपक्षी विरुद्ध गुल्सनले बलिङमा शानदार प्रदर्शन गर्दै नेपाललाई जिताए । यस पटक भने गुल्सनको सेलेब्रेसन, गर्जन सबैले काम गऱ्यो ।

गुल्सनले नेपालको जितमा योगदान गर्न पाउँदा खुशी लागेको खेलपछि सञ्चारकर्मीहरुसँगको कुराकानीमा बताए । 'खुशी लागिरहेको छ । टिमका लागि कन्ट्रिब्युट गर्न पाउँदा । थोरै थोरै कन्ट्रिबुट गर्न पाउँदा खुशी लाग्यो' उनले भने । यस पटक स्थान फरक थियो तर प्रतिद्वन्दी टिम उही अनी गुल्सनको बलिङ पनि उस्तै । यस पटक पनि नेपालले नै पहिले ब्याटिङ गरेको थियो । कीर्तिपुरस्थित टीयू मैदान नेपालले २५६ रनको स्कोर बनाउँदा गुल्सनले ब्याटिङमा १७ रन मात्र योगदान गर्न सके । तर बलिङमा भने उनी चम्किए ।

गुल्सनले मंगलबार ९ ओभर बलिङ गरे । जहाँ उनले ३८ रन मात्र खर्चेर ५ विकेट लिए, अनि नेपाललाई ८१ रनको जित दिलाउन महत्वपूर्ण भूमिका खेले । यस पटक गुल्सनको ५ विकेट खेर गएन । 'निश्चय पनि एकदमै...' यसपटक ५ विकेट लिएर जिताउँदा कत्तिको विशेष छ भन्ने प्रश्नमा गुल्सनको जवाफ थियो । उनले व्यक्तिगत भन्दा पनि टिमले जित्नु मुख्य कुरा रहेको उल्लेख गरे । 'किनभने यहाँ म्याचहरु एकदमै टाइट छ । महत्वपूर्ण म्याचहरु छ । जसले पनि राम्रो प्रदर्शन गरेको छ टिमले जित्नुपऱ्यो । टिम अगाडि आउनुपऱ्यो । बाँकी खेलाडी त आउँछ जान्छ खेलिरहेको हुन्छ' उनले भने ।

गुल्सनले ओडिआई करियरमा समग्रमा दोस्रोपटक एकै खेलमा ५ विकेट लिए । तर आजको ५ विकेट अझ विशेष भयो । किनभने ओडीआईमा उनको यो बेस्ट बलिङ फिगर पनि बन्यो । यसअघि उनले १० ओभरमा २ मेडन राख्दा ४७ रन खर्चेका थिए । आज भने उनले ९ ओभरमा ३८ रन मात्र खर्चेर ५ विकेट लिए ।

गुल्सन झाले आज ११औं ओभरमै आफ्नो पहिलो ओभर बलिङ गरेका थिए । उक्त ओभरमा उनले ७ रन खर्चंदा कुनै विकेट लिन सकेनन् । तर १३औं ओभरमा जम्मा १ रन मात्र खर्चेर २९ रन बनाएर हसनैन वाहवको विकेट लिए । त्यसपछि गुल्सनले लगातार बलिङ गरे । १५औं र १७औं ओभरमा उनले विकेट लिन सकेनन् । तर त्यसपछि गुल्सनले लय समाते । १९औं ओभरमा आर्यन विष्टलाई ६ रनमा आउट गरे । २१औं ओभरमा उनले जितेन रामानन्दीलाई आउट गरे ।

त्यसपछि गुल्सन सिधै ३३औं ओभर बलिङ गर्न आए । विकेट नलिएपनि किफायती बलिङ गरेका उनले ७ ओभरसम्म जम्मा २० रन मात्र खर्चेर ३ विकेट लिएका थिए । ३५औं ओभरमा फेरि आएका गुल्सनले ओमानका लागि टिकेर खेलिरहेका विनायक शुक्लालाई आउट गरे । ३६ रन बनाएका विनायक आउट भएपछि ओमानको इनिङ्स धर्मरायो र चाँडै अलआउट भयो । यस ओभरमा गुल्सनले ५ रन खर्चेर १ विकेट लिए ।

३७औं ओभरमा भने गुल्सन केही महँगा बने । ओमानका हसनैन शाहले सुरुको दुई बलमा गुल्सनलाई लगातार छक्का प्रहार गरे । त्यसपछि तेस्रो बल डट राखेका गुल्सनले चौथो बलमा बदला लिँदै हसनैनलाई कप्तान रोहित पौडेलबाट क्याचआउट गराए । ओमानको त्यो नवौं विकेट थियो भने गुल्सनको पाँच विकेट हाउल पूरा भयो ।

४०औं ओभरको पाँचौ बलमा सन्दीप लामिछानेले नदीम खानलाई आउट गरेपछि ओमान १७५ रनमा अलआउट भयो र नेपाल ८१ रनले विजयी भयो । यसअघि खेलमा नेपाल ओमानसँग १०२ रनको फराकिलो अन्तरले पराजित भएको थियो । आज नेपालले त्यसको राम्रै बदला लियो । त्यसमा ब्याटिङमा आसिफ शेखले ९४ रन बनाउँदै महत्वपूर्ण इनिङ्स खेले भने बलिङमा उनै गुल्सन नायक बने । जसले ओमानको इनिङ्स एक्लै ध्वस्त पारे ।

*(स्रोत: अनलाइनखबर)*

# ठूला ऋणीप्रति कठोर, सानाको बचत फिर्ता गर्दै समस्याग्रस्त सहकारी समिति

काठमाडौं/समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयले आगामी जेठको पहिलो सातादेखि साना बचतकर्ताको बचत फिर्ता गर्ने भएको छ । कार्यालयले साना बचतकर्तामा पनि हरेकको बचत रकममा ५० प्रतिशतभन्दा ननाघ्ने गरी फिर्ता गर्ने तयारीमा पुगेको छ । कार्यालयले हालका लागि सरकारले भुक्तानी दिएको र समस्याग्रस्त संस्थाबाट असुली भएको रकमबाट बचत फिर्ता गर्न लागेको हो । त्यसमा कार्यालयले पहिलो प्राथमिकतामा कर्जा असुली र दोस्रोमा बचत फिर्ता राखेको छ । साना वा ठूला बचतकर्ता कसैलाई पनि अन्याय नहोस् भनेर रकम भुक्तानी हुँदा कत्ति पनि नपाउने अवस्था कसैलाई नरहने भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री प्रतिभा रावलले बताइन् ।

'सहकारीको समस्या समाधान गर्न लागिरहेका छौं, कसरी ऋण असुल गर्ने र बचत फिर्ता गर्नेमा सरकार प्रतिबद्ध छ,' मन्त्री रावलले भनिन्, 'ऋण असुली गरि सकेपछि बचत फिर्ता गर्न सकिने निष्कर्षमा पुग्नका लागि पनि असुलीलाई जोड दिएको हो ।' सरकारले समस्याग्रस्त सहकारीका सञ्चालक, कर्मचारी तथा ऋणीलाई कर्जा तिर्न र समितिको सम्पर्कमा रहन आह्वान गरेको छ । त्यसका लागि १५ दिनको समय तोकेको छ । समस्याग्रस्त सहकारीबाट ऋण लिएकाहरूको नाम पनि सार्वजनिक गर्ने मन्त्री रावलले बताइन् ।

कर्जा नतिर्नेलाई सार्वजनिक सेवाहरूमा रोक लगाउने, कालोसूचीमा राख्ने, प्रहरी तथा राष्ट्रिय अनुसन्धान विभागको सहयोगमा अनुसन्धान गर्ने, समितिको सिफारिसमा मुद्दा चलाउनेसम्मको कारबाही गरिने उनले बताइन् । 'जेठको पहिलो साताबाट बचत रकम फिर्ताको सुरुवात हुनेछ,' उनले भनिन् ।

बचत फिर्तालाई प्रभावकारी, सहज, सरल र छिटो बनाउन आफूहरु लागिपरेको मन्त्रालयका सहसचिव गोविन्दप्रसाद रिजालले बताए । समिति कार्यालयको सहयोगमा फिर्ता गर्नुपर्ने बचत कति छ भन्ने तथ्याङ्क संकलन गरेर काम गरिएको रिजालको भनाइ छ । उनका अनुसार २० समस्याग्रस्त सहकारी संस्थाका सम्पर्कमा आएका बचतकर्ताहरू हालसम्म ७६ हजार ४ सय ४४ जना छन् ।

यो संख्या अझै बढ्न सक्ने उनले बताए । ती बचतकर्ताको झण्डै ४५ अर्ब ५ करोड रुपैयाँ समस्याग्रस्त सहकारीमा रहेको रिजालले बताए । सो तथ्याङकमा ५ लाखसम्मका बचतकर्ता ५८ हजार १ सय ४१ जना छन् । '७६ हजारमा १८ हजार मात्रै ५ लाख भन्दा माथिका बचतकर्ता रहेको देखियो,' उनले भने ।

कुल बचत ४५ अर्ब फिर्ता गर्नुपर्नेमा साना बचतकर्ताहरूको मात्रै ६ अर्ब ६६ करोड छ । त्यसैगरी १ लाख सम्मका बचतकर्ताको संख्या ३६ हजार ५ सय २२ छ । उनीहरूको कुल बचत एक अर्ब ३५ करोड मात्र रहेको रिजालले जानकारी दिए । त्यसैगरी ५ लाखसम्मका बचतकर्ताको कुल बचत ५ अर्ब ३१ करोड रुपैयाँ रहेको छ । त्यस्तै २५ हजार भन्दा थोरै बचत भएका बचतकर्ताको संख्या १७ हजार रहेको छ भने ५० हजार सम्म बचत रहेका बचतकर्ताको संख्या ९ हजार छ । ५० हजार सम्म बचतकर्ताको कुल बचत ५८ करोड रुपैयाँ रहेको मन्त्रालयले जनाएको छ ।

त्यसैगरी सहकारीको रकम हिनामिना र अपचलनमा संलग्न व्यक्तिहरू पहिचान गरेर कडा कानुनी कारबाही गर्नकै लागि सहकारी ऐन पनि संशोधन गरिएको रिजालले बताए । ऐन संशोधनपछि सहकारीको रकम अनियमिततामा संलग्न व्यक्ति मात्रै नभई उसको परिवार, नातागोता र संलग्न भएका कर्मचारीलाई समेत कडा कारबाही गरी असुली र व्यवस्थापनका काम हुने उनले बताए ।

*(स्रोत: अनलाइनखबर)*

### अप्रत्याशित मूल्यवृद्धिले 'कन्स्ट्रक्सन होलिडे' सिर्जना

# सार्वजनिक खरिद ऐन संशोधन अपूरो

साझाकुरा संवाददाता

हेटौंडा, २२ बैशाख/ नेपाल निर्माण व्यवसायी महासंघले निर्माणक्षेत्रमा देखिएको गम्भीर संकटका कारण 'कन्स्ट्रक्सन होलिडे' (निर्माण ठप्प हुने अवस्था) सिर्जना भएको बताएको छ ।



महासंघले मंगलवार पत्रकार सम्मेलन गर्दै अप्रत्याशित रुपमा भएको मूल्यवृद्धिले निर्माणक्षेत्र गम्भिर संकटमा परेको भन्दै निर्माण ठप्प हुने स्थिति आएको बताएको हो । महासंघका महासचिव शिवहरि घिमिरेले एक साताभित्र सरकारबाट ठोस नीतिगत निर्णय नभए देशभरका सबै निर्माणकार्य स्वत: बन्द हुने बताएका छन् । उनकाअनुसार देशभरका ७ प्रदेश महासंघ, ७७ जिल्ला संघ, एशोसिएट सदस्य तथा निर्माण सामग्री उत्पादनसँग सम्बन्धित संघसहित करिव ३२ हजारभन्दा बढी निर्माण व्यवसायी अहिले गम्भीर संकटमा परेका छन् ।

मध्यपूर्वमा जारी द्वन्द्वका कारण डिजेल, मट्टितेललगायत इन्धनमा भएको अप्रत्याशित मूल्यवृद्धिले निर्माणक्षेत्र ठप्प हुने अवस्थामा पुगेको घिमिरेले जानकारी दिए । उनका अनुसार युद्धअघि प्रतिलिटर १३९ रुपैयाँ रहेको डिजेलको मूल्य अहिले २२५ रुपैयाँ पुगेको छ भने बिटुमिनको मूल्य प्रतिकेजी ७५ रुपैयाँबाट बढेर १५५ रुपैयाँ पुगेको छ । सिमेन्ट, डण्डी लगायत सामग्रीको अभाव र मूल्यवृद्धिले निर्माण उद्योग धराशायी हुने अवस्थामा पुगेको उल्लेख छ । घिमिरेले निर्माण सामग्रीको मूल्यवृद्धि भएपनि नेपाल राष्ट्र बैंकको मूल्यसूचकांकमा न्यूनवृद्धि देखाइने प्रवृत्तिका कारण ठेक्काको मूल्य समायोजन हुन नसकेको बताए ।

यसले व्यवसायीलाई थप आर्थिकभार परेको र धेरै आयोजना संकटमा परेको उनको भनाइ छ । 'मध्यपूर्वमा जारी युद्धका कारण निर्माण उद्योगमा प्रयोग हुने डिजेल, मट्टितेल लगायत इन्धन सामग्रीमा पटकपटक भइरहेको अत्यधिक एवं अप्रत्याशित मूल्यवृद्धिले गदां निर्माण उद्योग ठप्प हुने स्थितिमा पुगेको छ । इन्धनजन्य सामग्रीसहित निर्माणकार्यमा व्यापक प्रयोग हुने बिटुमिन, सिमेन्ट, डण्डी लगायत निर्माण, सामग्रीमा निरन्तर भइरहेको अप्रत्याशित एवं अत्यधिक मूल्यवृद्धि र बजारमा ती सामग्रीको अभावले निर्माण उद्योग धराशायी भयो ।

भौतिक पूर्वाधार क्षेत्रमा आएको यस किसिमको विकराल परिस्थितिका कारण मुलुकको समग्र अर्थतन्त्रमा गम्भीर असर सुरु भइसकेको छ । मध्यपूर्वको युद्ध अघि (फेब्रुअरी १५) डिजेल प्रतिलिटर १ सय ३९ रहेकोमा हाल प्रतिलिटर २ सय २५ पुगेको छ भने युद्धअघि प्रतिकेजी ७५ पर्ने बिटुमिनको मूल्य हाल १ सय ५५ पुगेको छ । निमर्माण उद्योगको यो परिस्थितिका विषयमा यस महासंघले बारम्बार नेपाल सरकार लगायतका निकायमा पत्राचार गरेता पनि समस्या समाधान हुनेगरी हालसम्म केही कार्यान्वयन नभएको व्यहोरा अवगत गराइएको छ ।

महासंघ मातहतका ७ प्रदेश निर्माण व्यवसायी महासंघ र जिल्लाका निर्माण व्यवसायी संघले निर्माण उद्योगका जटिल समस्याका विषयमा पत्रकार सम्मेलन गर्दै सम्बन्धित मुख्यमन्त्री र प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाइसक्दा समेत समस्या समाधानका लागि ठोस पहल नभई नेपाल सरकारले लगातार लामो समयदेखि मौखिक आश्वासन मात्र दिएका कारण पूर्वाधार क्षेत्रका निर्माण व्यवसायी र लाखौं श्रमिक तथा यस क्षेत्रसँग सम्बन्धित अन्य उद्योग आर्थिक रुपमा ठूलो मारमा परेको बताइएको छ ।

'महासंघ अहिलेको गम्भीर परिस्थितिका कारण निर्माण आयोजना पूर्व निर्धारित समयमै सकिने कुनै सम्भावना नभएकाले बैंक ग्यारेण्टी, इन्सुरेन्स तथा गप क्षतिपूर्ति सहित सबै आयोजनाको म्यादथप र बजेट व्यवस्थापनका लागि नेपाल सरकारसमक्ष अनुरोध गर्दछ' उनले बताए । घिमिरेले हाल राष्ट्रिय गौरवका आयोजनासहित देशभरका अधिकांश सानाठूला आयोजना लगभग बन्द अवस्थामा पुगेको जानकारी दिए ।

महासंघले सबै ठेक्कामा मूल्य समायोजनको स्पष्ट मार्गनिर्देशन तत्काल जारी गर्न, म्यादथप गर्न, बैंक ग्यारेन्टी, बीमा तथा क्षतिपूर्ति व्यवस्थापन गर्न सरकारसँग माग गरेको छ ।

# बागमती प्रदेशमा मन्त्रालय संख्या १४ बाट ८ बनाइयो



साझाकुरा संवाददाता

हेटौंडा, २२ बैशाख/ बागमती प्रदेश सरकारले मन्त्रालयको संख्या घटाउने निर्णय गरेको छ । मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले हाल रहेका १४ वटा मन्त्रालयलाई घटाएर ८ वटा कायम गर्ने निर्णय गरेको हो ।

सरकारका प्रवक्ता एवम् आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङका अनुसार खर्च कटौती र आर्थिक मितव्ययिता अपनाउने उद्देश्यले मन्त्रालय संख्या घटाइएको हो । अब प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित ८ मन्त्रालय रहनेछन् । यसअघि प्रदेशको प्रशासनिक संरचनालाई सुदृढ र मितव्ययी बनाउन गठित उच्चस्तरीय अध्ययन समितिले हाल कायम रहेका १४ वटा मन्त्रालयलाई घटाएर ८ वटामा सीमित गर्न सरकारलाई सुझाव दिएको थियो । पूर्वसचिव विमल वाग्लेको नेतृत्वमा रहेको प्रशासनिक संरचना पुनरवलोकन समितिले मन्त्रालयको संख्या मात्र बढेको तर, कार्यसम्पादनमा प्रभावकारिता नदेखिएकोले व्यापक पुनर्संरचनाको आवश्यकता औंल्याएको थियो ।

सांगठनिक आवश्यकता र कार्यबोझ भन्दा पनि आन्तरिक दलीय सन्तुलन मिलाउन मन्त्रालय विस्तार गरिएको समितिले ठहर गरेको थियो । नयाँ संरचनाअनुसार आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय, उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय, स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय तथा कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय रहनेछन् ।

मन्त्रालयअन्तर्गतका कार्यालय पनि घटाइने भएको छ । हाल रहेका १ सय ९८ वटा कार्यालयमध्ये करिब ५० वटा घटाइने सरकारको तयारी छ । यसबाट चालुखर्चतर्फ झण्डै ५ अर्ब रुपैयाँसम्म कटौती हुने अनुमान गरिएको छ । जनताको करबाट उठेको रकमलाई अधिकतम् पूँजीगतक्षेत्रमा खर्च गर्ने लक्ष्यका साथ यस्तो निर्णय गरिएको प्रवक्ता तामाङले बताए । यो निर्णय आगामी आर्थिक वर्षदेखि लागू हुनेछ । हालको मन्त्रिपरिषद् भने चालु आर्थिक वर्षको अन्त्यसम्म यथावत् रहनेछ भने साउन १ गतेदेखि नयाँ संरचना कार्यान्वयनमा आउने बताइएको छ ।

'हालको बजेट कार्यान्वयन गर्नुपर्ने भएकाले साउन १ गतेसम्म बहालवाला मन्त्रिपरिषद् रहन्छ । ८ वटा मन्त्रालय बनाउने निर्णय साउन १ बाट कार्यान्वयन गर्ने निर्णय भएको छ । नयाँ बजेटको पनि ८ वटा मन्त्रालयको कोडिङ अन्तर्गत नै इन्ट्री हुन्छ । आर्थिक मामिला तथा योजना मन्त्रालयले ८ वटा मन्त्रालयको नयाँ कोडिङ बनाउँछ र मातहतको कार्यालयको कोडिङ बनाउँछ । नयाँ मन्त्रालयको पुनर्गठित संरचनाअनुसारको बजेट कोडिङ बनाएर बजेट सिलिङ जान्छ,' उनले भने ।

यो कार्यबाट प्रदेशका मन्त्रालय मातहतका कार्यालयको संख्या १९८ बाट घटेर १४८ मा झर्ने र प्रदेश सरकारले वार्षिक चालुतर्फ ५ अर्ब सार्वजनिक खर्च कम गर्ने अनुमान गरिएको छ । चालूखर्चमा घटेको खर्च पुँजीगततर्फ लगाउने मन्त्री तामाङले बताए । मन्त्रिपरिषद् बैठकले मन्त्रालय मातहत रहने कार्यालयको कर्मचारीको व्यवस्थापनका लागि ओ एण्ड एमको लागि समिति गठन गरेको छ । समितिको संयोजकमा मुख्यमन्त्री कार्यालयको कानुन महाशाखाका प्रदेश सचिव रहने छन् ।सदस्यमा आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव सदस्य र मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका उपसचिव सदस्यसचिव रहने व्यवस्था गरिएको छ ।

समितिले आवश्यक अध्ययन गरेर साउन १ गतेभन्दा अगावै मन्त्रिपरिषद्मा प्रस्ताव पेस गर्नेछ । त्यसैगरी, मन्त्रिपरिषद् बैठकले चन्द्रबहादुर गोपालीलाई काठमाडौंको थानकोटस्थित त्रिभुवन पार्क सञ्चालक समिति अध्यक्षमा नियुक्त गरेको छ ।

# हेटौंडामा २ अर्बको लगानीमा अस्पताल



साझाकुरा संवाददाता

हेटौंडा, २२ बैशाख/ चितवन मेडिकल कलेजले हेटौंडामा नयाँ अस्पताल निर्माण गर्ने भएको छ । हेटौंडा उपमहानगरपालिका-४ मा बन्ने नयाँ अस्पताल भवनको मंगलवार एक समारोहबीच शिलान्यास गरिएको छ ।

हेटौंडा उपमहानगर पालिका-४ हुप्राचौरमा निर्माण गरिने भवनको सीएमसी हेटौंडाका अध्यक्ष तथा प्रबन्धक निर्देशक प्रताप देवकोटाले शिलान्यास गरेका हुन् । 'सीएमसी हेटौंडा' नाम दिइएको अस्पताल करिब २ अर्बको लगानीमा एक वर्षभित्र बन्ने अध्यक्ष तथा प्रबन्ध निर्देशक देवकोटाले जानकारी दिए । पार्किङ, चमेनागृहलगायत अस्पतालको मापदण्डअनुसार निर्माण गरिने देवकोटाले बताए । १९ कठ्ठा जमिनमा निर्माण गरिने अस्पताल सुरुमा एक सय शय्याको हुने जनाइएको छ ।

अस्पताल निर्माण गर्न सीएमसीले गतवर्ष हेटौंडामा जग्गा खरिद गरेको थियो । अस्पतालमा संचालनमा आउँदा करिब ५० चिकित्सक, स्वास्थ्यकर्मीलगायत ५ सय जनाले रोजगारी पाउनेछन् । सीएमसी चितवनले हेटौंडा उपमहानगरपालिका-११ थानाभञ्याङमा सीएमसी चुरेहिल अस्पताल सञ्चालन गर्दै आएको छ ।

# सहकारीका ठूला ऋणीबाट कर्जा असुल गरी साना वचतकर्ताबाट फिर्ता गर्ने तयारी

## समस्याग्रस्त सहकारीका ४६ अर्ब फिर्ता गर्न बाँकी

साझाकुरा संवाददाता

हेटौंडा, २२ बैशाख/ समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले सहकारीका ठूला ऋणीबाट कर्जाअसुल गरी साना वचतकर्तालाइ रकमफिर्ता गर्ने तयारी गरेको छ ।

समितिले मंगलवार पत्रकार सम्मेलन गरी जेठको पहिलो साताबाट वचतफिर्ता गर्ने तयारी गरेको जानकारी दिएको हो । समितिका अनुसार देशभरका समस्याग्रस्त सहकारी संस्थाका करिव ७६ हजार वचतकर्ताको करिव ४६ अर्ब रुपैयाँ फिर्ता गर्न बाँकी छ । समितिले वचतफिर्ता र कर्जाअसुली दुवै कार्यलाई एकसाथ अगाडि बढाएको अध्यक्ष डिल्लीराज आचार्यले जानकारी दिएका छन् । उनकाअनुसार सबै बचतकर्ताले समानुपातिकरुपमा रकमफिर्ता पाउनेछन् । वचतकर्ताको पहिलोचरणमा वचतको कम्तिमा ५० प्रतिशत रकम फिर्ता गर्नेगरी समितिले कर्जा असुलीको काम गरिरहेको उनको भनाई छ ।

समितिले कर्जाअसुलीमा ठूला ऋणीलाई प्राथमिकतामा राखेको छ । नवगठित समितिको ११ दिनको अवधिमा ४० जनाबाट ७३ लाख रुपैयाँ कर्जा असुली गरेको उनले जानकारी दिए । ९ लाख रुपैयाँ वचत मिलान गरिएको छ । कर्जा असुलीबिना वचतफिर्ता सम्भव नभएकोले कर्जाअसुलीका लागि समितिले सरकार, नेपाल प्रहरी सबैको सहयोग लिने जानकारी दिइएको छ । उनका अनुसार पहिलोचरणमा कर्जा नतिर्नेहरुको नाम सार्वजानिक गरिनेछ । नाम सार्वजानिक भएपछि पनि सम्पर्कमा नआउनेलाई पक्राउ गरी कर्जाअसुली प्रक्रिया थालिने उनले बताए ।

हाल समितिसँग करिव ६० करोड रुपैयाँ मौज्दात रहेको छ, यसमा सरकारले विनियोजन गरेको २५ करोड रुपैयाँ चक्रीय कोष पनि समावेश छ । समितिले २५ करोडलाई अत्यावश्यक अवस्थामा मात्र सापटीकारुपमा प्रयोग गर्ने र समितिले असुली गरेको ३५ करोड रुपैयाँबाट वचतफिर्ता सुरु गर्ने उनले जानकारी दिए । उनका अनुसार समितिले खर्च र भुक्तानीका लागि छुट्टाछुट्टै खाता सञ्चालन गर्नेछ । 'हामी ऋणअसुलीको लागि ठूला ऋणीलाई प्राथमिकता दिएका छौं भने वचतफिर्तामा सानाबाट क्रमश: सुरु गर्दै जान्छौं । सबै वचतकर्ताको समानुपातिक हिसवले वचतफिर्ता हुनेछ' उनले भने । समितिकाअनुसार समस्याग्रस्त घोषित सहकारीको समस्या पहिचान, समाधान र व्यवस्थापनका लागि आन्तरिक पुन: संरचना, सरोकारवालासँग छलफल तथा कार्ययोजना निर्माण भइरहेको छ । समितिले छुट भएका वचतकर्ताका लागि आगामी साउनको पहिलो हप्तामा पुन: मागदाबी खुला गर्ने जनाएको छ । वचतमिलानका लागि वैज्ञानिक र न्यायपूर्ण कार्यविधि बनाउने, किस्ताबन्दीमा भुक्तानी गर्ने ऋणीलाई निश्चित समय दिने, ठूला ऋणीमाथि कडाइ गर्दै नामावली सार्वजनिक र कालोसूचीमा राख्ने, गुनासो व्यवस्थापन तथा सूचना प्रवाह नियमित गर्ने जनाएको छ ।


## वन डढेलो नियन्त्रण तथा व्यवस्थापनको लागि डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध ।

*डढेलोबाट वन जोगाऔं-अमूल्य वन सम्पदाको संरक्षण गरौं ।*

सुख्खा तथा हावाहुरीको मौसममा आगोको सानो झिल्कोले वन जंगलमा डढेलो फैलिन गई वन, वन्यजन्तु र मानविय क्षती समेत पुऱ्याउन सक्नेहुँदा डढेलो लाग्नबाट जोगाउन विशेष सावधानी अपनाऔं ।


वनमा आगो लगाउनेलाई वन ऐन नियम अनुसार ३ वर्ष कैद वा ६० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनसक्दछ, त्यसैले वनमा आगो लगाउने वा आगोलागि हुनसक्ने कार्य नगर्न नगराउनुहुन सम्पूर्णमा अनुरोध गरिन्छ । डढेलो लागेको देखिएमा सबै समुदाय मिलि तत्कालै डढेलो निभाऔं । डढेलो नियन्त्रणमा आउन नसके वन समूह, नजिकको वन कार्यालय वा सुरक्षा निकायमा तुरुन्तै खबर गरौं ।

वन, वन्यजन्तु, जैविक विविधता र प्राकृतिक वातावरणको संरक्षण गर्दै, थप जनधनको क्षतीहुनबाट बचाउनु हामि सबैको कर्तव्य हो । तसर्थ वन डढेलो नियन्त्रण कार्यमा सहयोग गर्नुहुन सम्पुर्ण स्थानीय तह, सरकारी तथा गैह्र सरकारी निकाय, वन समूह, संघ-संस्था, पत्रकार लगायत सम्पूर्णमा डिभिजन वन कार्यालय, मकवानपुर हार्दिक अपिल गर्दछ ।

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
**डिभिजन वन कार्यालय मकवानपुर**
हेटौंडा, नेपाल



## आकर्षक घडेरी बिक्रीमा




हेटौंडा वडा नं. १ स्वर्गलोक,
हेटौंडा मोडल अस्पताल पछाडि

सम्पर्क:
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)



शर्मिला राना ९८४१९९९४८७
कल्पना न्यौपाने ९७६७७६४४४७
उषा अधिकारी ९८४५१२५९०८



**स्वर्गद्वारी महिला पञ्चेबाजा समूह**
हेटौंडा-१, मकवानपुर

हाम्रो सेवा: विवाह, ब्रतवन्ध, पार्टी, विभिन्न कार्यक्रम, सप्ताह एवम् अन्य शुभकार्यको लागि स्तरीय पञ्चेबाजाको लागि सम्पर्क राख्नुहोस् ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना